नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नुवाकोट

फोन नं.: ०१०-५६०३३३
०१०-५६०२६६
फ्याक्स नं : ०१०-५६००३३
इमेल : nuwakotcdo@gmail.com
वेबसाइट: daonuwakot.moha.gov.

पत्र संख्या : ०७७/७८ मितिः २०७८।०२।३१

**कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जीवन प्रसाद दुलालबाट जिल्लाभर लागू हुने गरी जारी गरिएको आदेश**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमण यस जिल्लामा समेत देखिएकोमा हाल सक्रिय संक्रमित व्यक्तिको संख्या यस जिल्लामा ११८३ पुग्नुका साथै ३२ जनाको दुःखद निधन समेत भइसकेको छ ।सर्वसाधारण नागरिक एवं स्वास्थ्यकर्मी, राष्ट्रसेवक, शिक्षक, व्यवसायी, सञ्चारकर्मी, जनप्रतिनिधि लगायत सबै क्षेत्रका व्यक्तिमा कोभिड-१९ संक्रमण देखिएको र समुदायस्तरमा फैलिरहेको छ ।

यस जिल्लामा आइ.सी.यू तथा भेन्टिलेटर सेवा पर्याप्त नभएको तथा स्वास्थ्य सम्बन्धी साधन श्रोत समेत सीमित मात्रामा रहेको सन्दर्भमा कोभिड-१९ संक्रमणले सृजना भएको जटिल परिस्थितिलाई समेत मध्यनजर गर्दै नुवाकोट जिल्लालाई कोभिड-१९ को सम्भावित उच्च जोखिमवाट जोगाउन यस अघि २०७८/०३/०१ गते राति १२:०० बजे सम्मका लागि निषेधित आदेश जारी भएकोमा पुनः २०७८/०३/०१ गते राति १२:०० बजेदेखि २०७८/०३/०८ गते राति १२:०० बजेसम्मका लागि नुवाकोट जिल्लाभर लागू हुने स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३), कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ र संक्रामक रोग ऐन २०२० को दफा २ बमोजिमको अधिकार प्रयोग गरी तपसिल अनुरुप गर्न/गराउन यो आदेश जारी गरिएको छ। यो आदेशको बर्खिलाप भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः-

निषेधित कार्यहरु

**सार्वजनिक भेला, जमघट, समारोह सम्बन्धी**

(क) अत्यावश्यक काम बाहेक घर बाहिर निस्कन तथा हिंडडुल गर्न नपाइने,

(ख) सबै प्रकारका भेला, सम्मेलन, धार्मिक, सांस्कृतिक, सामाजिक गतिविधिहरु गर्नका हुने जमघटहरु गर्न गराउन नपाइने,

(ग) सार्वजनिक खेलकूद, नाच, मेला, जात्रा, महोत्सव, भोजभतेर र हाटबजार तथा भीडभा कार्यक्रमको आयोजना तथा सञ्चालन गर्न नपाइने,

(घ) मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्च आदिमा सामूहिक भेला हुन, सामूहिक आश्रय लिइ बस्न तथा सामूहिक भेला हुने खालका कुनै किसिमका कार्यक्रम नपाइने,

(ङ) कुनैपनि प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, मानिसहरु भेला हुने, जुलुश वा प्र जस्ता कार्य गर्न गराउन नपाइने,

(च) रङ्गशाला, खेलकूदस्थल, मनोरन्जन स्थल, कवर्ड हल, फुटसल, शारीरिक सुगठन स्थल, स्वीमिङ्ग पुल तथा जिमखाना, फिटनेस सेन्टर, सामूहिक खेलकूद, पार्टी प्य सैलुन तथा ब्युटिपार्लरहरु सञ्चालन गर्न नपाइने,

(छ) विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र लगायतका संस्थामा विद्यार्थी/शि भौतिक रुपमा भेला भई/गराई सिकाई गतिविधि संचालन गर्न नपाइने।

**सार्वजनिक तथा निजी सवारी संचालन सम्बन्धमा**

(क) सार्वजनिक तथा निजी यात्रुवाहक सवारी साधन संचालन गर्न नपाइने।

(ख) खाद्यवस्तु, पेट्रोलिय पदार्थ, पानी तथा अत्यावश्यक सामाग्री बोकेका ढुवानीका साधान, विरामी तथा कुरुवा (बढीमा २ जना) बोकेको एम्बुलेन्स, अनुमति सवारीसाधान, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक सवारी साधन यस जिल्लामा प्रवेश गर्न रोक लगाउने।

(ग) नेपाल सरकारले तोकेको मापदण्ड विपरीत बढी भीडभाड हुने गरी व्यापार, व्यव निर्माण कार्य गर्न र श्रमिकहरुको ओसारपसार तथा प्रयोग गर्न नपाइने।

(घ) तोकिएको स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगरी/नगराई संचालन अनुमति प्राप्त साधन प्रयोग तथा सञ्चालन गर्न नपाइने,

**पसल व्यवसाय सम्बन्धमा**

खाद्य सामग्री, तरकारी, फलफूल, औषधि (भेटनरी समेत) र स्वास्थ्य सामग्री सम्बन्धी व्यवसाय बाहेक अन्य पसल व्यवसाय बन्द गर्ने ।

प्रमुख जिल्ला अधिकारी

अन्य विषय

(क) काठमाडौं उपत्यका गन्तव्य हुने गरी यात्रा अनुमति माग्दा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको सहमति प्राप्त नभई सवारी साधानलाई सहजीकरण गरिने छैन ।

(ख) यस जिल्लामा प्रवेश गर्ने व्यक्तिहरुले अनिवार्य रुपमा स्थानीय तहले तोकेको क्वारेन्टिन र होम आइसोलेसनमा बस्नु पर्नेछ।

## गर्न पाइने कार्यहरु

(ग) अत्यावश्यक कामको लागि घर बाहिर ननिस्की नहुने भएमा अनिवार्य रुपमा मास्क, स्यानिटाइजरको प्रयोग गरी स्वास्थ्य प्रोटोकल बमोजिम कम्तिमा २ मिटरको भौतिक दूरी कायम गरी हिंड्न।

(घ) जिल्ला भित्रका सरकारी, निजी तथा गैरसरकारी क्षेत्रले आ-आफ्नो निकायबाट प्रदान गरिने अतिआवश्यक सेवा हाललाई स्वास्थ्य मापदण्ड अपनाई न्यूनतम जनशक्तिबाट प्रवाह गर्न।

(ङ) विवाह, व्रतवन्धको हकमा बढी १५ जनासम्म (विवाहमा दुवैपक्षका गरी) स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी जिल्ला प्रशासन कार्यालयको अनुमति लिएर मात्र गर्न ।

(च) विवाहसम्बन्धी कार्यक्रमका लागि अन्य जिल्लामा जानु पर्ने भएमा वेहुला, वेहुली र चालक सहित बढीमा ७ जनाको लागि गन्तव्य स्थानीय तहको सिफारिस सहित जिल्ला प्रशासन कार्यालयको सवारी अनुमति प्राप्त गरेर मात्र जान।

(छ) जिल्ला भित्रका सरकारी, निजी तथा गैरसरकारी क्षेत्रले आफ्नो आफ्नो निकायबाट प्रदान गरिने अतिआवश्यक सेवा सञ्चालन तथा व्यवस्थापन गर्न निर्धारित प्रक्रिया, समय र मापदण्ड अनुरुप तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गराई सेवा प्रदान गर्न ।

(ज) खाद्य सामग्री, तरकारी, फलफूल पसल नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने/गराउने गरी बिहान १० बजे सम्ममात्र खुल्ला गर्ने।

(झ) औषधि, स्वास्थ्य सामग्री, भेटनरी तथा विउविजन सम्बन्धी पसल व्यवसाय नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने/गराउने गरी संचालन गर्ने।

(ञ) अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, पेट्रोलियम पदार्थ, खाद्यान्न, तरकारी, फलफूल, दूध तथा दुग्धजन्य पदार्थ, दूरसंचार, इन्टरनेट, क्वारेन्टिन, आइसोलेशन, कुरियर, डाँक फोहरमैला व्यवस्थापन, लगायतका ढुवानीका साधन जिल्ला भित्र संचालन गर्न पाउने ।

प्रमुख जिल्ला अधिकारी

(ट) बैंक, वित्तीय संस्थाहरुको हकमा नेपाल राष्ट्र बैंक र सम्वन्धित बैंकको के कार्यालयवाट जारी निर्देशन बमोजिम स्वास्थ्य प्रोटोकल पालना गरी संचालन गर्न पा

(ठ) विकास निर्माण कार्यमा प्रयोग हुने सामाग्री ढुवानीका साधन संचालन गर्न पाइने निर्माण कार्यमा प्रयोगहुने जनशक्तिलाई कार्यस्थल मै बस्ने खाने व्यवस्था व्यवस्थ स्वयंले गरी स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर कार्य गर्न पाउने ।

(ड) सरकारी कार्यालय, बैंक, वित्तीय संस्था तथा अत्यावश्यक सार्वजनिक सेवा प्र संस्थाको कर्मचारीको हकमा कर्मचारी परिचय पत्र प्रयोग गरी कार्यालय प्रयोजनमा ि भित्र आवागमन गर्न पाइने ।

(ढ) चल्ला, दाना, अण्डा, कुखुरा, मासु तथा मासुको लागि प्रयोग हुने जनावर, माछा, मा भुरा, माछाको दाना तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना ढुवानीका गर्न पाइने ।

(ण) अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हवाइटिकट, पासपोर्ट र भिषा हुनेलाई एयरपोर्ट जाने सवारी साधनको लागि सहजीकरण गरिने ।

(त) संचारकर्मी, पत्रकारहरुको हकमा सूचना संकलन र सम्प्रेषण गर्न सूचना विभागले गरेको परिचयपत्र वा सम्बन्धित संचार गृहको परिचयपत्रको आधारमा आवत जाव दिने ।

(थ) शैक्षिक वर्ष २०७८ यही असार १ गतेदेखि शुरू हुने भएकोले विद्यार्थीहरूको आवश्यक पर्ने पाठयपुस्तक तोकिएको स्वास्थ्य तथा सुरक्षाको मापदण्डको पालन ढुवानी गर्न सहजीकरण गर्ने।

(द) माथि उल्लेखित बाहेक अन्य अत्यावश्यक काम (अस्पतालमा आउने जाने वि कुरुवा, मृत्यु संस्कारमा अनिवार्य रुपमा सहभागी हुनुपर्ने) का लागि सवारी साधन गर्नुपरेमा प्रमुख जिल्ला अधिकारीबाट जारी हुने अनुमति पत्र लिनु पर्ने। अनुमति निवेदन, स्थानीय तहको सिफारिस र अस्पतालको कागजात समेत पेश गर्नु पर्नेछ।

माथी उल्लेखित आदेशका साथै नेपाल सरकार मन्त्रिपरिषद्बाट COVID-19 को नि सम्बन्धमा कुनै आदेश जारी भएमा सोही बमोजिम हुनेछ ।

२।३।१

(जीवनप्रसाद दुलाल)

प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधि